## नगर कार्यपालिकाको ६४ औं बैठक मिति २०८३।०३।०३ गते प्रस्ताव र निर्णयको व्यहोरा

| सि.न | प्रस्ताव तथा विषय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | नगर सभाको मिति तय गर्ने सम्बन्धमा । | यस मुसीकोट नगरपालिकाको नगर सभाको १७ औ अधिवेशन यहि मिति २०८३ साल असार १० गते विहान ११.०० वजे नगरपालिका सभा हलमा संचालन गर्ने । |
| २ | जग्गाको न्यूनतम मूल्य निर्धारण सम्बन्धमा । | भूमि प्रशासन कार्यालय रुकुम पश्चिमको मिति २०८३।०२।२८ च.नं. १३७० को पत्रानुसार यस मुसीकोट नगरपालिका क्षेत्र भित्रका जग्गाहरुको लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि आ.व. २०८३।०८४ को लागि पनि आ.व. २०८२।०८३ कै मूल्यलाई आधार मानी जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने । |
| ३ | औषधी उपचार खर्च उपलव्ध गराउने सम्बन्धमा । | यस नगरपालिकाको वडा नं. १० को स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. श्री हरि बिष्ठ को दात सम्बन्धी रोगको उपचार गर्दा लागेको खर्चका वील भरपाईमा नियमानुसर उपलव्ध गराउन मिल्ने खर्च अनुसारको रकम पदाधिकारी तथा कर्मचारी औषधी उपचार खर्च शिर्षकबाट उपलव्ध गराउने । |
| ४ | पूर्णखोप सुनिश्चित पालिका घोषणा गर्ने सम्बन्धमा । | पूर्णखोप सुनिश्चितता निर्देशिका २०७१ (तेस्रोसंस्करण २०७७) अनुसार मुसिकोट नगरपालिकामा मिति २०८२ माघ १४ र १५ गतेको शुक्ष्म योजना पूर्णखोप सुनिश्चतता र दिगोपना गोष्ठीको निर्णय बमोजिम २०८२ फागुन ०५ गते देखि २०८२ चैत्र २२ गतेसम्म स्वास्थ्यकर्मीको संलग्नतामा गरिएको घरधुरी सर्वेक्षणबाट छुट भएका बालबालिकाहरुको खोजी गरी ती बालबालिकाहरुलाई खोप पुरा गरेको साथै सबै वडाबाट निर्देशिकाले तोकेको १६ महिना देखि ५९ महिनासम्मका बालबालिकाले खोपको सबै मात्रा पुरा गरी सबै वडा पूर्णखोप सुनिश्चित भएको भनि प्रमाणिकरण सहित अनुसूची प्राप्त भएको हुँदा आ.ब.२०८२/०८३ मा यस नगरपालिकालाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गर्ने । |

Scanned with CamScanner